**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज ५ गते सोमबार ❑ 21 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## कास्कीमा उपभोक्ता अदालत स्थापना गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

उपभोक्ता अधिकार हननका घटनामा पीडितले सहज, छिटो र प्रभावकारी न्याय पाउने व्यवस्था गर्न कास्कीमा उपभोक्ता अदालत स्थापना गर्नुपर्ने माग सरोकारवालाले गरेका छन् ।

उपभोक्ता अधिकार कार्यान्वयनसँगै नसर्ने रोगको बढ्दो जोखिम न्यूनीकरणका लागि नागरिक तहबाटै सचेतना, पैरवी र दबाब अभियानलाई प्रभावकारी बनाउनुपर्नेमा पनि उनीहरूले जोड दिएका छन् ।

उपभोक्ता हित संरक्षण मञ्च नेपालको आयोजना तथा गण्डकी प्रदेश समितिको समन्वयमा पोखरामा सम्पन्न 'उपभोक्ता अदालत स्थापना तथा नसर्ने रोगका कारणहरू रोकथामसम्बन्धी नागरिक समाजको पैरवी' विषयक सरोकारवालाबीचको अन्तरसंवादमा यस्तो माग गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि जिल्ला अदालत कास्कीका न्यायाधीश देवकुमार गिरीले उपभोक्ता अधिकार कार्यान्वयनका लागि नीतिगत तहमा सकारात्मक दबाब सिर्जना गर्न, उपभोक्ता अधिकारसम्बन्धी मुद्दामा प्रभावकारी बहस तथा पैरवी गर्न र आमनागरिकलाई सचेत बनाउनुपर्ने बताउनुभयो । संविधानको धारा ४४, उपभोक्ता संरक्षण ऐन, २०७५ तथा सर्वोच्च अदालतका फैसलाको मर्मअनुसार उपभोक्तालाई शीघ्र न्याय उपलब्ध गराउन उपभोक्ता अदालतको स्थापना र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको उहाँको भनाइ थियो ।



प्रादेशिक जनस्वास्थ्य केन्द्र, पोखराका निमित्त निर्देशक डा.मधुरजी ढकालले नसर्ने रोगबाट जोगिन नियमित शारीरिक व्यायाम, पर्याप्त निद्रा र स्वस्थ खानपानमा ध्यान दिनुपर्ने बताउनुभयो । गुलियो तथा प्रशोधित खाद्य पदार्थको प्रयोग घटाउन, नुनको मात्रा कम गर्न तथा विद्यालय र बालबालिकाको खानपानमा विशेष ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । विद्यालय वरिपरि जङ्क फुडको बिक्रीमा नियन्त्रण गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो । प्रादेशिक रोग नियन्त्रण केन्द्र, पोखराका निर्देशक मनमोहन मिश्रले गण्डकी प्रदेशमा नसर्ने तथा मानसिक रोगको अवस्था र स्क्रिनिङ कार्यक्रम सम्बन्धी तथ्याङ्क प्रस्तुत गर्दै नसर्ने रोगका बिरामीको सङ्ख्या बढ्दो क्रममा रहेको जानकारी दिनुभयो। उहाँका अनुसार गण्डकीमा उच्च रक्तचापका बिरामी आर्थिक वर्ष २०७९र८० मा १ लाख ४ सय १६ रहेकामा आर्थिक वर्ष २०८२र८३ मा बढेर २ लाख २१ हजार ८ सय २६ पुगेका छन्। मधुमेहका बिरामी २०७९र८० मा ३५ हजार ४ सय २२ रहेकामा २०८२र८३ मा ६० हजार २ सय ३ पुगेका छन्।

त्यस्तै, हृदयरोगका बिरामी २०७९र८० मा १ हजार १ सय रहेकामा २०८२र८३ मा २ हजार ५ सय १३ पुगेका छन्। क्यान्सरका बिरामी २०७९र८० मा ३ सय १२, २०८०र८१ मा २ सय ८०, २०८१र८२ मा २ सय ४५ र २०८२र८३ मा ३ सय ५० रहेको उहाँले जानकारी दिनुभयो।

मुख्य न्यायाधिवक्ता एवम् वरिष्ठ अधिवक्ता चिरञ्जीवी शर्मा पौडेलले नागरिक समाजलाई अधिकारसम्पन्न र सक्रिय नबनाएसम्म राज्यका निकायलाई उत्तरदायी बनाउन कठिन हुने बताउनुभयो। उपभोक्ता संरक्षण ऐन, २०७५ ले उपभोक्ता अदालत गठनको व्यवस्था गरे पनि लामो समयदेखि कागजमै सीमित रहेको उल्लेख गर्दै अदालत गठन प्रक्रिया अघि बढिसकेकाले अब प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने उहाँले बताउनुभयो। उहाँले स्थानीय तहदेखि प्रदेश र संघीय तहसम्म उपभोक्ता अधिकार कार्यान्वयनमा स्पष्ट जिम्मेवारी निर्धारण गर्नुपर्ने बताउनुभयो । उपभोक्ता हित संरक्षण मञ्च नेपालका उपमहासचिव शृङ्गऋषि काफ्लेले उपभोक्ता संरक्षणका आयाम, उपभोक्ताले पाउने उपचार तथा क्षतिपूर्ति र उपभोक्ता अदालतको भूमिकाबारे सहजीकरण गर्नुभयो। उहाँले सुर्तीजन्य पदार्थ, मदिरा, अस्वस्थकर खानपान, अपर्याप्त शारीरिक गतिविधि तथा अस्वस्थ वातावरणका कारण नसर्ने रोगको जोखिम बढिरहेको बताउनुभयो ।

मञ्चका महासचिव वरिष्ठ अधिवक्ता विष्णुप्रसाद तिमिल्सिनाले बजारमा देखिएको बेथिति अन्त्य गर्न उपभोक्तालाई प्रभावकारी क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था आवश्यक रहेको बताउनुभयो । गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयका महानिर्देशक मोहनसिंहले प्रदेशमा नसर्ने रोगको अवस्था बढ्दो रहेको र यसको निदान तथा रोकथामका लागि सरकारले लगानी गरिरहेको बताउनुभयो। स्वास्थ्य क्षेत्रमा बजेटको उल्लेख्य हिस्सा विनियोजन हुँदै आएको उल्लेख गर्दै कुपोषण, अटिजमलगायतका स्वास्थ्य समस्याको समाधानमा समेत काम भइरहेको जानकारी दिनुभयो । गैरसरकारी संस्था महासङ्घ नेपाल, कास्कीकी अध्यक्ष इन्दिरा पौडेलले आधारभूत स्वास्थ्य तथा प्रसूति सेवाजस्ता संवेदनशील विषयमा समेत नागरिकले सास्ती व्यहोर्नुपरेको बताउनुभयो । पोखरा उद्योग वाणिज्य सङ्घकी अध्यक्ष शोभा गौतमले खाद्य पदार्थमा पोषणसम्बन्धी लेबल अनिवार्य गर्नुपर्ने बताउनुभयो। उपभोक्तालाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एमाले पुनःगठन कार्यदलको एकीकृत प्रतिवेदन तयार गरिँदै

**रासस**
काठमाडौं, ४ असोज

नेपाल कम्युनिष्ट पार्टी (एमाले) भित्र पार्टी शुद्धीकरण, सुदृढीकरण, रूपान्तरण र पुनःगठनका लागि गठित कार्यदलको एकीकृत प्रतिवेदन ल्याउन नेताहरूबीच सहमतिको प्रयास जारी रहेको छ ।

कार्यदलमा रहेका पदाधिकारीबीच गत भदौ २८ गते काभ्रेपलाञ्चोकको बल्थलीमा भएको छलफलका आधारमा प्रतिवेदनलाई एकीकृत गर्न लागिएको हो । कार्यदलको आज पार्टी केन्द्रीय कार्यालय, च्यासलमा भएको बैठकमा सहमतिका आधारमा एकीकृत प्रतिवेदन तयार गरेर सचिवायको बैठकमा पेस गर्ने समझदारी भएको एमालेका सचिव महेश बस्नेतले बताउनुभयो । सचिव बस्नेतले अध्यक्ष केपी शर्मा ओलीको आलोचना नगर्ने, राजीनामा नमाग्ने, पुनःगठनको कार्यसूचीका आधारमा विशेष महाधिवेशन नडाक्ने र वर्तमान सरकारका काम कारबाहीबारे छलफल गर्न राष्ट्रिय प्रतिनिधि परिषद् बोलाउन सकिने विषय प्रतिवेदनमा थप्नुपर्ने बताउनुभयो । उहाँले नेतृत्वको कार्यकाल, उमेर हदजस्ता विषयमा विधानमा गरिनुपर्ने संशोधनबारे नियमित विधान महाधिवेशनमा छलफल गर्ने र कार्यदललाई प्रदेशस्तरमा प्राप्त सुझावलाई प्रतिवेदनको अङ्गका रुपमा राख्ने विषयमा पनि कुराकानी भएको बताउनुभयो ।

एमालेका अर्का सचिव पद्मा अर्यालले एमालेभित्रको बदलिँदो मनोविज्ञान र परिस्थिति तथा पार्टीलाई एकताबद्ध बनाएर लान खुला ढङ्गले छलफल गरेर साझा प्रतिवेदन सचिवालयको बैठकमा पेस गरिने बताउनुभयो । उहाँले पार्टीभित्र नेतृत्व पुनःगठनको विषय प्रतिवेदनमा नआउने स्पष्ट गर्नुभयो । गत फागुन २१ गतेको निर्वाचनमा पार्टीको पराजय लगायतको समीक्षा गरेर पार्टी र जनताको सम्बन्ध सुधारका लागि आवश्यक रूपान्तरण र पुनःगठनका लागि सुझाव दिन गठित कार्यदलले प्रदेशस्तरमा पुगेर सुझाव सङ्कलन गरेको थियो । बल्थलीमा भएको बैठकले पार्टीका उपाध्यक्ष एवं कार्यदलका संयोजक रामबहादुर थापा, उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शङ्कर पोखरेललाई एकीकृत प्रतिवेदन ल्याउन जिम्मेवारी दिएको थियो । कार्यदलका लागि महासचिव पोखरेलबाट तयार गरिएको प्रतिवेदनमा पार्टीका उपाध्यक्ष एवं संयोजक थापाकै फरक प्रतिवेदन तयार भएपछि विवाद उत्पन्न भएको थियो । गत जेठ १० गते सम्पन्न एमालेको सचिवालयको आठौँ बैठकले उपाध्यक्ष थापाको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गरेको थियो । गत जेठ २६ गते पार्टीका अध्यक्ष ओलीको उपस्थितिमा भएको कार्यदलको पहिलो बैठकले प्रदेशगत रूपमा सुझाव लिने कार्यतालिका बनाएको थियो । एमालेको केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठक यही असोज ५, ६ र ७ गतेका लागि तोकिएको छ ।

## हिउँपहिरोमा पुरिएर मनास्लुमा दुई जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
गोरखा, ४ असोज

हिउँपहिरोमा पुरिएर मनास्लु हिमालमा दुई जनाको मृत्यु भएको छ । भारतीय मूलका जर्मनीका नागरिक र उनका सहयोगी नेपाली नागरिकको गएराति हिउँ पहिरोमा पुरिएर मृत्यु भएको हो ।

सुतिरहेको टेण्टमा माथिबाट आएको हिउँ पहिरोले पुरिएर जर्मनीका आरोही ध्रुवज्योति गुहा र उनका आरोहण सहयोगी फुर्सेम्बा शेर्पाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुवै जना मकालु एड्भेञ्चर कम्पनी प्रालिबाट मनास्लु आरोहणका लागि गएका थिए । तेस्रो शिविरमा टेण्टभित्रै करिब सात फिट हिउँले पुरिएर दुवै जनाको मृत्यु भएको प्रहरीले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कांग्रेस १५औँ महाधिवेशन अन्तर्गत ७३ जिल्लाका छ हजार १३२ वडामा अधिवेशन सम्पन्न

**रासस**
काठमाडौं, ४ असोज

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत ७३ जिल्लाका छ हजार १३२ वडामा अधिवेशन सम्पन्न भएको छ ।


कांग्रेस केन्द्रीय निर्वाचन समितिका अनुसार शनिबार र आइतबार ७३ जिल्लाका छ हजार १३२ वडामा अधिवेशन सम्पन्न भएको हो । समितिका सदस्य-सचिव राजु कटुवालले यही असोज १६ देखि १९ गतेसम्म हुन लागेको १५औँ महाधिवेशनअन्तर्गत वडा कार्यसमिति चयन र क्षेत्रीय प्रतिनिधिको निर्वाचन उत्साहपूर्ण ढङ्गले भएको जानकारी दिनुभयो ।

गत भदौ १० गते रसुवाको भोटेकोशीमा गएको बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङ जिल्लामा भने हाल वडा अधिवेशन भएको छैन । निर्वाचन कार्यक्रमअन्तर्गत कोशी प्रदेशका ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, झापा, मोरङ (क्षेत्र नं. ६ बाहेक) र सुनसरीलगायतका जिल्लामा अधिवेशन सम्पन्न भएको छ ।

मधेस, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका अधिकांश जिल्लाका वडामा अधिवेशन सम्पन्न भएको बताइएको छ ।

सप्तरीका क्षेत्र नं २ र ४, सर्लाही क्षेत्र नं २, रौतहट क्षेत्र नं १ तथा परासी क्षेत्र नं २ बाहेक सम्बन्धित जिल्लाका अन्य क्षेत्रमा अधिवेशन प्रक्रियाअघि बढेको सदस्य सचिव कटुवालले बताउनुभयो ।

निर्वाचन समितिले रसुवा, नुवाकोट र धादिङ जिल्लाबाहेक सप्तरी क्षेत्र नं. २ र ४, सिरहा, मोरङ क्षेत्र नं ६, रौतहट क्षेत्र नं. १, सर्लाही क्षेत्र नं २, परासी क्षेत्र नं २ तथा असोज ४ गते सम्पन्न हुन नसकेका सम्पूर्ण वडा अधिवेशन असोज ५ गते सोमबार निरन्तर सञ्चालन हुने जनाएको छ ।




## म्याद गुज्रिएका खाद्यवस्तु बिक्री गर्नेलाई दुई लाख जरिवाना

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

पोखरा महानगरपालिका-९ नयाँबजारस्थित मोहित ट्रेडर्सले म्याद गुज्रिएका खाद्यवस्तु रिफाइन गरी पुनः प्याकेजिङ गरेर बजारमा बिक्री वितरण गर्दै आएको पाइएपछि जिल्ला प्रशासन कार्यालय कास्कीले रु दुई लाख जरिवाना गरेको छ ।

जिल्ला प्रशासन कार्यालय कास्कीको नेतृत्वमा आज गरिएको संयुक्त बजार अनुगमनका क्रममा सो ट्रेडर्समा बिक्रीका लागि राखिएका अधिकांश खाद्यवस्तु म्याद गुज्रिएका, किराले खाएर खान अयोग्य अवस्थामा रहेको तथा पसलको सरसफाइसमेत अत्यन्त कमजोर रहेको पाइएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो ।

अनुगमनका क्रममा म्याद गुज्रिएका चामल लगायत खाद्यवस्तुलाई पुनः प्रशोधन गरी नयाँ प्याकेटमा प्याक गरेर बजारमा बिक्री गर्ने गरेको समेत पुष्टि भएपछि कानुन बमोजिम कारवाही गरिएको उहाँले बताउनुभयो ।

"आज हामी बजारका ठूला खाद्यान्न पसलको अनुगमन गर्ने भनेर निस्किएका थियौँ । सोही क्रममा मोहित ट्रेडर्समा जनस्वास्थ्यमा गम्भीर लापरवाही गरेको पाइएपछि कानुनअनुसार दण्डित गरेका छौँ", सहायक प्रजिअ बरालले भन्नुभयो । म्याद गुज्रिएका तथा किराले खाएका खाद्यवस्तु बिक्रीका लागि राखिएको अवस्थामा भेटिएपछि अनुगमन टोलीले त्यस्ता सामग्रीको व्यवस्थापन तथा थप बिक्रीमा रोक लगाएको छ भने रिफाइनिङ मेसिन महानगरले जफत गरेको छ ।

प्रशासनले बजारका अन्य केही ठूला खाद्य स्टोर्समा समेत अनुगमन गरेको थियो । अनुगमनका क्रममा खाद्यवस्तुको म्याद, गुणस्तर, भण्डारणको अवस्था, मूल्यसूची, सरसफाइ तथा उपभोक्ता स्वास्थ्यमा पर्नसक्ने जोखिम लगायतका विषयमा निरीक्षण गरिएको प्रशासनले जनाएको छ ।

दशैँ, तिहार लगायतका ठूला चाडपर्वका समयमा खाद्यवस्तुको माग बढ्ने भएकाले व्यापारीले अनुचित लाभ लिन सक्ने र बजारमा कृत्रिम अभाव तथा कालोबजारीको सम्भावनालाई ध्यानमा राख्दै नियमित तथा आकस्मिक अनुगमनलाई अझ प्रभावकारी बनाइने सहायक प्रजिअ बरालले बताउनुभयो ।

# सरकार र निजी क्षेत्रबीच निरन्तर संवाद तथा सहकार्य आवश्यक: अध्यक्ष श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज



नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अन्जन श्रेष्ठले सरकारले निजी क्षेत्रलगायत सरोकारवालासँग पर्याप्त संवाद गर्नुपर्ने बताउनुभएको छ।

लेखनाथ उद्योग वाणिज्य सङ्घको ३०औँ वार्षिक साधारणसभाको शनिबार पोखराको लेखनाथमा उद्घाटन गर्नुहुँदै अध्यक्ष श्रेष्ठले अर्थतन्त्रमा देखिएका समस्या समाधान गरी आर्थिक गतिविधि चलायमान बनाउनका लागि निजी क्षेत्र सरकारलाई सहयोग गर्न तत्पर रहेको बताउनुभयो।

“सरकारले अर्थतन्त्रका समस्या पहिल्याउन सक्नुपर्छ। सही दिशा पहिल्याउन सकेपछि मात्र समस्या हल हुने हो र देशले आर्थिक रूपमा गति लिनसक्छ। निजी क्षेत्र सरकारलाई सहयोग गर्न सधैँ तयार छ”, अध्यक्ष श्रेष्ठले भन्नुभयो। चालु आर्थिक वर्षको बजेट आएको तीन महिना बितिसक्दा पनि कार्यान्वयनले अपेक्षित गति लिन नसकेको उहाँले उल्लेख गर्नुभयो। संविधान संशोधनका सन्दर्भमा महासङ्घले प्रधानमन्त्री कार्यालयमा सुझाव पेस गरिसकेको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। कृषियोग्य जमिन संरक्षणका लागि औद्योगिक, व्यापारिक, आवासीय र कृषि क्षेत्र छुट्याउने भूउपयोग नीति तत्काल आवश्यक रहेको उहाँले बताउनुभयो। गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा इन्द्रप्रसाद तिवारीले नेपालमा लघुउद्यम तथा व्यवसायको हिस्सा ८२ देखि ८५ प्रतिशतसम्म रहेको उल्लेख गर्दै साना, मझौला र ठूला उद्योगलाई सँगसँगै अघि बढाउनुपर्ने बताउनुभयो। महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले सरकारले महासङ्घजस्ता संस्थालाई संस्थागत महत्व दिनुपर्ने भन्दै निजी क्षेत्रका माग सुनुवाइका लागि महासङ्घले सशक्त भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो।

रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले उद्योगी-व्यवसायी सङ्कटमा रहेका बेला महासङ्घले नेतृत्वदायी भूमिका निर्वाह गरेर लगानीमैत्री वातावरण निर्माण, ऋण तथा निजी लगानीका समस्या समाधानका गर्नुपर्ने बताउनुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घका वस्तुगत उपाध्यक्ष नरेशलाल श्रेष्ठले हालैको भोटेकोशी नदीको बाढीले अर्थतन्त्रमा थप असर गरेको उल्लेख गर्नुभयो। सङ्घका अध्यक्ष जानुका पराजुली अधिकारीले विगत एक वर्षका अवधिमा सङ्घ, प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी सीपमूलक तथा रोजगारी सृजना गर्ने कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो। साधारणसभाका अवसरमा सङ्घका संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यद्वारा स्थापित ‘चन्द्रलक्ष्मी ज्येष्ठ नागरिक सेवा’ पुरस्कार यात्री मिडिया नेटवर्क प्रालिका प्रधानसम्पादक टीकाराम यात्रीलाई प्रदान गरियो। पुरस्कारको राशि रु एक लाख एक हजार रहेको छ। यस्तै पोखरा रत्न सम्मानबाट सम्मानित उद्यमी चन्द्रकृष्ण कर्माचार्यलाई बधाईसहित सम्मान गरिएको थियो। कार्यक्रममा महासङ्घका केन्द्रीय सदस्य छत्रधर आत्रेय, पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडेल, गण्डकी प्रदेशका प्रेस रजिष्ट्रार विमला भण्डारी, पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष शोभा गौतमलगायतले देशको समृद्धिका निजी क्षेत्रको विकास र विस्तारमा रहेकाले राज्यले लगानीमैत्री वातावरण बनाउनुपर्नेमा जोड दिनुभएको थियो।

# धम्पुस पोखरी घोताने चेलीबेटीको १ लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज



धम्पुस पोखरी घोताने चेलीबेटीसमूह,पोखराले रसुवाको भोटेकोशी बाढीपीडितका लागि १ लाख रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ।

सङ्कलित रकमलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषको आधिकारिक खातामा दाखिला गरेपश्चात् समूहकी अध्यक्ष मायाकुमारी गुरुङले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीहरूलाई सहयोगको हात फैलाउन अपिल गरेकी छन् ‘आपतविपतको समयमा संसारभर छरिएर रहेका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूले मन फुकाएर थोपाथोपा गरी मद्दत एवम् सहयोग गरौँ,’ अध्यक्ष गुरुङले भनिन्। तीज पर्वको अवसरमा हुने परम्परागत दर खाने कार्यक्रमको खर्च कटौती गरी समूहले उक्त रकम सङ्कलन गरेको हो। धम्पुस पोखरीकी चेली तिलकुमारी गुरुङले वैदेशिक रोजगारीका क्रममा जापानबाट पठाएको ३० हजार ५ रुपैयाँ समेत कोषमा जम्मा गरिएको जानकारी विष्णु गुरुङ ‘एकता’ ले दिइन्।

धम्पुस पोखरी, घलेल, लान्द्रुक, कुदवीडाँडा, बरालडाँडा, घाचोक र लाहाचोक गरी ७ विभिन्न गाउँका १ सय २० भन्दा बढी चेलीबेटीहरू तीजमा एकै ठाउँमा भेला भई भोजभतेरमा हुने खर्चलाई बाढीपीडितको राहतमा लगाउने सामूहिक निर्णय गरेका हुन्।

सचिव जगन गुरुङका अनुसार तीजको खुसीलाई सामाजिक सेवामा जोड्दै चेलीबेटीहरूले यो परोपकारी कदम चालेका हुन्।

# मनास्लु आधारशिविरको अनशन स्थगित

**पोखरापत्र संवाददाता**
गोरखा, ४ असोज

मनास्लु आधारशिविरमा युवाहरुले तीन दिनदेखि गरेको आमरण अनशन स्थगित गरिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश र मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) ले माग पूरा गर्ने प्रतिबद्धता जनाएपछि अनशन स्थगीत गरिएको दावा नुर्बु लामाले बताउनुभयो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश र एमक्यापले आज उनीहरुलाई वार्ता र संवादद्वारा माग पूरा गर्ने व्यहोराको पत्र पठाएको थियो। सोहीअनुसार अनशन स्थगित गरी मनास्लु बेसक्यापबाट सामागाउँ फर्किएको अनसन टोलीका अगुवा लामाले जानकारी दिनुभयो। जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिम न्यूनीकरण तथा हिमताल विस्फोट लगायतका खतराबाट बचाउन माग गर्दै गत शुक्रबारदेखि उनीहरु आमरण अनशनमा बसेका थिए। सामागाउँका ३६ वर्षीय दावा नोर्बु लामाको नेतृत्वमा ३९ वर्षीय निमा छिरिङ लामा, २५ वर्षीय लेक्ष्य लामा, २७ वर्षीय पासाङ नोर्बु लामा, २६ वर्षीय छिरिङ फुञ्सोक लामा, २९ वर्षीय टासी डुण्डुप लामा, २८ वर्षीय छेवाङ घ्यूर्मे लामा, २३ वर्षीय छेवाङ बाबा लामा, २८ वर्षीय कर्मा छिरिङ लामा, २९ वर्षीय पेम्बा छिरिङ लामा र वडा नं ७ का ३१ वर्षीय पेम्बा गुरुङ शुक्रबारदेखि अनशनरत थिए। हिमाली गाउँबस्तीभन्दा माथि धेरै नयाँ तालहरु थपिँदै गएको, हरिया तालहरु थपिँदै गएको, वीरेन्द्र ताललगायत हिमतालमा पानीको सतह बढिरहेकाले यसको निरन्तर नाप जाँच गर्ने प्रविधि जडान गर्नुपर्ने, यसको सम्भावित जोखिमबाट बचाउन गाउँबस्तीमा साइरन जडान गर्नुपर्ने, हिमाली क्षेत्रका विद्यालयमा जलवायु परिवर्तन र यसबाट बच्ने उपाय समेटिएको पाठ्यक्रम बनाएर पठनपाठन गर्नुपर्नेलगायतका माग राख्दै सामागाउँमा ११ युवा अनशनमा थिए।

त्यसैगरी भविष्यमा हिमताल विस्फोट हुनसक्ने जोखिमको अध्ययन हुनुपर्ने, चीन र नेपालको सीमा क्षेत्रका तालको नियमित संयुक्त निगरानी हुनुपर्ने, विश्वव्यापी तापमान वृद्धिमा नेपालको योगदान नभए पनि दुष्प्रभाव भोगिरहनु परेकाले जलवायु क्षतिपूर्ति र न्याय पाउनुपर्नेलगायतका माग उनीहरुले राखेका थिए।

# आरोहण टोली धवलागिरि आधार शिविरमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ असोज



चालु शरदयाममा विश्वको सातौँ (आठ हजार १६७ मिटर) अग्लो धवलागिरि हिमाल आरोहण टोली आधार शिविर पुग्न थालेका छन्। धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ को भूगोलमा पर्छ।

‘एठ के’, ‘सेभेन समिट’ र ‘फोरटिन पिक्स’ ट्रेकिङ कम्पनीमार्फत आरोहणका लागि आएका पर्वतारोहीहरूको टोली आधार शिविर पुगेका हुन्। आरोहण टोलीको समन्वय गर्नुभएका म्याग्दीका पर्यटनकर्मी इन्द्रसिङ शेरचनले शनिबारसम्म ३० जना विदेशी पर्वतारोही टोली आधार शिविर पुगेका जानकारी दिनुभयो। “आरोहण टोली हेलिकप्टरबाट सिधैँ आधार शिविरमा पुगेर शनिबार धार्मिक विधिअनुसार पूजाआजा गरी तयारी थालेका छन्”, उहाँले भन्नुभयो, “म्याग्दीको बगर गाउँतर्फबाट आधार शिविर जाने चक्रीय धवलागिरि पदमार्गमा बाढीपहिरोले क्षति पुर्‍याएकाले पर्वतारोहण टोलीले मार्फातर्फको पदमार्ग र हेलिकप्टर प्रयोग गरेका हुन्।”

विपद् नहोस्, दुर्घटनाको सामना गर्नु नपरी आरोहण अभियान सफताको कामना गर्दै आधार शिविरमा शेर्पाहरूले धार्मिक विधिअनुसार पूजाआजा गर्ने चलन छ। आधार शिविर पुगेर फर्किएका शेरचनका अनुसार बन्दोबस्तीका सामान ढुवानीका लागि खच्चड र हेलिकप्टरको प्रयोग गरेका छन्।

थप टोली पनि आधार शिविर जाने तयारीमा रहेको शेरचनले बताउनुभयो। आधार शिविरमा केही दिन अनुकूल मौसमको प्रतीक्षा र तयारी गरेपछि पर्वतारोहीहरूको टोली ‘रोप फिक्सिङ’ र शिविर सार्दै चुचुरोतर्फ लाग्नेछन्।

शेर्पाहरूको टोलीले हिउँमा डोरी तानेर बाटो तयार पारेपछि उनीहरूको सहयोगमा आरोहीहरू चुचुरोमा पुग्ने गर्छन्। आरोहण टोलीहरु पुग्न थालेपछि आधार शिविरमा चहलपहल सुरु भएको छ।

चालु वसन्तयाममा धवलागिरि आरोहणका लागि पर्यटन विभागबाट शुक्रबारसम्म चारवटा समूहका १० महिलासहित ३४ जनाले अनुमति लिएका छन्। उनीहरूबाट रु ७७ लाख ८२ हजार ४५० सलामी दस्तुर (आरोहण) शुल्क प्राप्त भएको विभागका शाखा अधिकृत सुधा रेग्मीद्वारा जारी सूचनामा उल्लेख छ। गत वसन्तयाममा तीनवटा समूहका १२ महिला र १६ पुरुष तथा २०८२ सालको शरदयाममा ३६ जनाले धवलागिरि आरोहणका लागि अनुमति लिएका विभागको अभिलेखमा छ। छिनछिनमा परिवर्तन हुने मौसम धवलागिरि आरोहणको चुनौती हो। अन्य हिमालको तुलनामा धवलागिरि आरोहणलाई जोखिमयुक्त र साहसिक मानिन्छ।

सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक धवलागिरि हिमालको सफल आरोहण गर्नुभएको थियो। डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धवलागिरिको चुचुरोमा पुग्नुभएको थियो।

## कास्कीमा ...

आफूले प्रयोग गर्ने वस्तुको गुणस्तर, पोषण र जोखिमबारे स्पष्ट जानकारी पाउने अधिकार सुनिश्चित गर्न नागरिक समाज र नियामक निकायको भूमिका महत्वपूर्ण रहेको उहाँले उल्लेख गर्नुभयो। कास्की जिल्ला अदालत बार एसोसिएसनका अध्यक्ष गणेशबहादुर आलेले उपभोक्ता अधिकार हनन, मिसावटयुक्त वस्तुको बिक्री तथा ठगीका घटनामा विभिन्न निकाय धाउनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्ने बताउनुभयो। उपभोक्ताले सहज रूपमा उपभोक्ता अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था प्रभावकारी बनाउनुपर्ने उहाँको माग थियो। इन्सेक पोखरा प्रदेश संयोजक गणेश भण्डारीले उपभोक्ताका सवालमा आवाज बुलन्द गर्दै सबै पक्षले अपनत्व महसुस गर्ने गरी उपभोक्ता अधिकारको विषयलाई अघि बढाउनुपर्ने बताउनुभयो। कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्च नेपालका प्रदेश उपाध्यक्ष शान्ति गुरुङले अस्वस्थ खानपान र बदलिँदो जीवनशैलीका कारण नसर्ने रोगको जोखिम बढिरहेको बताउनुभयो। त्यस्तै, राष्ट्रिय मानव अधिकार आयोगकी नितु वर्तौलाले नागरिक र राज्य दुवै पक्ष आफ्नो जिम्मेवारीप्रति सचेत हुनुपर्ने धारणा राख्नुभयो। सार्वजनिक संरचना तथा सडकको अवस्था, खाल्डाखुल्डी र सुरक्षा व्यवस्थामा हुने कमजोरीका कारण दुर्घटना तथा मानवीय क्षति भए त्यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्नसमेत उहाँले उठाउनुभयो। कार्यक्रममा मञ्च गण्डकीका अध्यक्ष पुण्यप्रसाद पौडेलले उपभोक्ता अदालतको आवश्यकता औँल्याउँदै उपभोक्ता अधिकार संरक्षणका लागि नागरिक समाजको अभियानलाई निरन्तरता दिनुपर्ने बताउनुभयो। सरोकारवालाले नसर्ने रोगको जोखिम घटाउन योग, ध्यान, शारीरिक व्यायाम तथा स्वस्थ खानपानलाई प्राथमिकता दिनुपर्ने, खाद्य पदार्थमा हुने मिसावट नियन्त्रण गर्नुपर्ने, उपभोक्तालाई क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था प्रभावकारी बनाउनुपर्ने तथा उपभोक्ता अधिकारसम्बन्धी मुद्दालाई न्यायालयको सहज पहुँचमा ल्याउनुपर्नेमा जोड दिनु भएको छ।

मञ्चका अध्यक्ष तथा वरिष्ठ अधिवक्ता ज्योति बाँनियाको अध्यक्षतामा भएको कार्यक्रममा महासचिव वरिष्ठ अधिवक्ता विष्णुप्रसाद तिमिल्सिनाले स्वागत गर्नु भएको थियो। प्रदेश उपाध्यक्ष शान्ति गुरुङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# २०औँ एसियाली खेलकुद: महिला भलिबलमा नेपाल विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

जापानमा भइरहेको २० औँ संस्करणको एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत महिला भलिबलतर्फ नेपालले कीर्गिस्तानलाई पराजित गरेको छ।

नेपालले आइतबार क्लासिफिकेसन खेलमा कीर्गिस्तानविरुद्ध ३-० को सोझो सेटमा जीत निकालेको हो।

नेपालले पहिलो सेट २५-२०, दोस्रो सेट २५-१६ तथा तेस्रो सेट २५-२० अङ्कले जितेको हो।

नेपालले यसअघि समूह चरणका दुवै खेलमा पराजय व्यहोरेको थियो।

नेपाली टोली समूह चरणमा जापान र इन्डोनेसियासँग ३-० सोझो सेटमा पराजित भएको थियो।

# आयआर्जनका लागि तालिमसँगै बङ्गुर वितरण

**पोखरापत्र संवाददाता**
दमौली, ४ भदौं

तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाले आयोजना प्रभावित परिवारका सदस्यलाई आयआर्जनमा जोड्न व्यावसायिक बङ्गुरपालनसम्बन्धी तालिमसँगै बङ्गुरको पाठो वितरण गरेको छ।

आयोजनाको जीविकोपार्जन पुनःस्थापना योजनाअन्तर्गत आयोजना प्रभावित परिवारको आयआर्जन क्षमता अभिवृद्धि गर्दै दिगो जीविकोपार्जनका अवसर सिर्जना गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो।

आयोजनाबाट प्रत्यक्ष प्रभावित व्यास नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका र ऋषिङ गाउँपालिकाका २३ जनालाई तालिम प्रदान गरी बङ्गुर सहयोग गरिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो। भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय तनहुँसँगको सहकार्यमा सञ्चालित तालिममा बङ्गुरको खोर व्यवस्थापन, नश्ल छनोट, आहार व्यवस्थापन, रोगको रोकथाम तथा उपचार, उत्पादन र बजारीकरणलगायत विषयमा प्रशिक्षण दिइएको थियो। तालिमपश्चात् प्रत्येक सहभागीलाई एउटा-एउटा बङ्गुरको पाठो वितरण गरिएको छ। तालिमबाट प्रापत ज्ञानलाई व्यवहारमा उतार्दै व्यावसायिक बङ्गुरपालन सुरु गर्न वा सञ्चालनमा रहेको व्यवसाय विस्तार गर्न सहज होस् भन्ने उद्देश्यले सहयोग गरिएको भण्डारीले बताउनुभयो। उहाँले आयोजना प्रभावित परिवारलाई सीप र उत्पादनसँग जोडेर दीर्घकालीन रूपमा आयआर्जनको आधार तयार गर्ने उद्देश्यले विविध कार्यक्रम हुँदै आएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “प्रभावित परिवारलाई सहयोग मात्र दिनेभन्दा सीप सिकाएर आफैँ आयआर्जन गर्न सक्ने बनाउनु महत्वपूर्ण हो। तालिमसँगै बङ्गुर उपलब्ध गराउँदा सहभागीले सिकेको सीपलाई तत्काल व्यवहारमा प्रयोग गर्न सक्नेछन्।” आयोजना प्रभावित परिवारको जीविकोपार्जन पुनर्स्थापना तथा सामुदायिक विकासलाई प्राथमिकतामा राख्दै हालसम्म ३५ वटा कार्यक्रम सञ्चालन गरिएको आयोजनाले जनाएको छ। ती कार्यक्रमबाट आयोजना प्रभावित परिवारका ७०१ जना लाभान्वित भएका छन्। आयोजनाले सीप विकास, आयआर्जनका अवसर विस्तार, वित्तीय साक्षरता तथा उद्यमशीलता प्रवर्द्धनमार्फत प्रभावित परिवारको आर्थिक आत्मनिर्भरता बढाउने कार्यक्रम सञ्चालन गर्दै आएको छ।

## हिउँ पहिरोमा ...

जनाएको छ। उनीहरुको शव सोमबार हेलिकप्टरबाट काठमाडौँ लैजाने तयारी भएको छ। यससँगै मनास्लुमा यस याममा मृत्यु हुनेको सङ्ख्या चार पुगेको छ।

यसअघि सिङ्गापुरका आरोही ५० वर्षीय लाउ वी सेङको पनि दोस्रो शिविरमा मृत्यु भएको थियो। साथै नेपाली सहयोगी २० वर्षीय टासी शेर्पाको पनि आधारशिविरमा मृत्यु भएको थियो। मनास्लु आरोहणका लागि यस याममा ४८० विदेशी आरोहीले अनुमति लिएका छन्। आरोहणको रोप फिक्सिङ सम्पन्न भइसकेको छ। आरोहीहरु आरोहणको अन्तिम तयारी गरिरहेका छन्।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# संविधान फेर्ने भाउतोमा नलाग

संविधान जारी भएको एघार वर्ष पुरा भएको छागत वर्ष जेनजी आन्दोलनको बेला राष्ट्रपति रामचन्द्र पौडेलले बडो जुक्ति लगाएर जोगाएको संविधान बारे बहस शुरु भएको छ। २०७२ असोज ३ गते संविधानसभाबाट जारी भएको संविधानमथि पटकपटक आक्रमण भएको छ । सामाजिक न्यायको हकलाईं आफ्नो मौलिक हकका रूपमा व्यवस्था गरेर यो संविधानले समावेशी सिद्धान्तका आधारमा राज्यका हरेक निकायमा नेपालका विभिन्न वर्ग र समुदायको सहभागिताको हक सुनिश्चितसमेत गरेको छ। केन्द्रीय संसद् र प्रादेशिक संसद्, संघीय सरकार र प्रादेशिक सरकारलगायत सबै क्षेत्रमा जातीय जनसंख्याका आधारमा समानुपातिक सिद्धान्तअनुरूप अनिवार्य प्रतिनिधित्व गराइने गरी यस संविधानले गरेको व्यवस्था नेपालको संवैधानिक इतिहासमा नयाँ हो । संविधानको यही प्रावधान एवं सामाजिक न्यायका सिद्धान्तका कारण संसद्मा महिला सहभागिताको अवस्था उदाहरणीय छ, जुन भारतलगायत विश्वका अन्य देशको तुलनामा नेपालमा नै धेरै छ भन्न सकिन्छ । संविधानले अल्पसंख्यकको हक अधिकारको संरक्षण गरेको छ र उनीहरू पनि राज्यबाट प्रदान गरिने सेवा र सुविधामा समानुपातिकता लाभान्वित हुनसक्ने व्यवस्था गरेको छ। संविधानले नै संवैधानिक आयोगको मान्यताबमोजिम महिला, दलित, समावेशी, आदिवासी जनजाति, मुस्लिम, थारु, मधेशी आयोगको छुट्टाछुट्टै व्यवस्था गरेको छ ।

सीमान्तकृत वर्ग र समुदायका नागरिकको हकअधिकारको संरक्षण र सम्वर्द्धन गरिएको यो संवैधानिक व्यवस्थाका कारण पनि नेपालको वर्तमान संविधान समावेशी र प्रगतिशील दस्तावेजको एक उत्कृष्ट उदाहरण हो भन्न सकिन्छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति वर्तमान संविधानको अर्को लोकतान्त्रिक व्यवस्था हो। नेपालको संवैधानिक तथा पत्रकारिताको इतिहासमा प्रस्तावनामा नै प्रेस स्वतन्त्रता उल्लेख गरेको यसअघिको २०६३ सालको अन्तरिम संविधानपछिको यो दोस्रो संविधान हो । संविधानको प्रस्तावनामा नै 'पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रही...' भन्ने वाक्यांश यस संविधानमा राखिएको छ । यसरी प्रस्तावनामै प्रेस स्वतन्त्रताको सुनिश्चितताको व्यवस्था गर्ने विश्वका वीरलै पाइने संविधानमा हाम्रो संविधान पनि पर्दछ। भारतको संविधानमा पनि अभिव्यक्ति स्वतन्त्रताको कुरा राखिएको छ तर प्रेस स्वतन्त्रता भनेर प्रस्तावनामा लेखिएको छैन। प्रेस स्वतन्त्रता र संविधानका ज्ञाताहरूले संविधानको यस प्रावधानलाई नेपालको संवैधानिक तथा पत्रकारिताको इतिहासमा सबैभन्दा प्रगतिशील र महत्वपूर्ण संवैधानिक प्रावधानका रूपमा परिभाषित गर्ने गरेका छन् । नेपाली जनताको अधिकतम सहभागितामा सम्पन्न संविधानसभाबाट चुनिएका प्रतिनिधिमार्फत नेपाली जनताले आफैँ जारी गरेको यो संविधानका यी लोकतान्त्रिक र प्रगतिशील विशेषताहरूको जगमा उभिएर नेपाली समाजमा रहेका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका उपलब्धिहरू हासिल गर्न सकिन्छ।

सविविध समस्याहरूको उपयुक्त समाधान गर्दै जनताका घरघरमा लोकतन्त्रको अनुभूति हुने गरी कार्यभार पूरा गर्न यो संविधानले प्रशस्तै स्थान दिएको छ। विभिन्न कारण र समयका विश्वका आन्तरिक द्वन्द्वहरूको व्यवस्थापनका उदाहरण दिँदा नेपाल छुट्यो भने त्यो व्याख्या अधुरो हुन पुग्दछ । किनभने नेपालको वर्तमान संविधान यस्ता आन्तरिक द्वन्द्व व्यवस्थापनको विश्वकै एक सफलताको उदाहरण हो। छोटै समयमा नेपालले सफलता प्राप्त गरेको शान्ति प्रक्रियाको एउटाउपज नेपालको वर्तमान संविधान हो भन्दा हुन्छ। मुलुकमा सशस्त्र विद्रोह गरेको एउटा राजनीतिक शक्ति हतियार बिसाएर शान्ति प्रक्रियामा आई एकाध वर्षमै आफैँले संविधान निर्माण गरेका नेपालजस्ता उदाहरण संसारमा द्वन्द्व समाधानको अगुवाइ गर्ने संयुक्त राष्ट्रसङ्घसँग पनि बिरलै होलान्। करिब १० वर्ष सशस्त्र विद्रोह गरेको तत्कालीन नेकपा (माओवादी) र राजनीतिक दलहरूबीचको सहमति नयाँ संविधान हो। विसं २०६२ को मङ्सिरमा तत्कालीन सात राजनीतिक दल र विद्रोही माओवादीबीच सम्पन्न १२ बुँदे सहमतिपछि देशमा सुरु भएको शान्ति प्रक्रियाका प्रतिबद्धताबाट पनि यो संविधान निर्माणको गोरेटो कोर्न सुरु भएको भन्न सकिन्छ।

नेपालको शान्ति प्रक्रियाको यही सफलता विश्वका सशस्त्र द्वन्द्वको व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्नेले दिने एक उत्कृष्ट दृष्टान्त पनि हो । यो संविधानलाई नेपाली नागरिकका प्रतिनिधिहरुले नै जारी गरेको र द्वन्द्व समाधान गरी शान्ति स्थापना गर्ने एक साझा दस्तावेजका रुपमा लिन सकिन्छ। तर, यो संविधान संशोधनको बहस पनि देशमा सुरु भएको छ । संविधान लिखित कानुनी दस्तावेज भएकाले समयानुकुल त्यसमा परिवर्तनको आवश्यकता महसुस हुँदै जानुलाई अस्वाभाविक मान्न सकिँदैन। यही आवश्यकताको महसुस भएर नै वर्तमान सरकारले संविधान संशोधन सुधार कार्यदल गठन गरेको छ । प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठन भएको सो कार्यदलमा संसदमा प्रतिनिधित्व गर्ने दलहरु फिर्ता भएका छन। सरकारले संविधानलाई परिस्कृत गर्ने र सबैलाई समेट्ने भन्दा बन्द कोठाबाट चल्ने शैली हटाएमा संविधानका मूलभूत कुरा नछोई कार्यान्वयनमा अव्यावहारिक देखिएकामा भने संशोधन हुन सक्नेदेखिन्छासरकारले संविधान जनताको वलिदानी बाट प्राप्त अधिकार हो भन्ने बुझेमा संविधान नयाँ बनाउने भाउँतो हटेर जानेछ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# वेनी अस्पतालमा 'जनरल सर्जरी' सेवा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ भदौं

वेनीस्थित प्रदेश अस्पतालमा विशेषज्ञ 'जनरल सर्जरी' सेवा विस्तार भएको छ।

'एमबिबिएस, एमएस' (जनरल सर्जरी) चिकित्सक डा. अडिना बाटाजूबाट विशेषज्ञ जनरल सर्जरी सेवा उपलब्ध गराउन थालिएको अस्पतालले जनाएको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. हेमन्त बास्तोलाका अनुसार अस्पतालमा सेवा विस्तारसँगै विभिन्न रोगको शल्यक्रिया व्यवस्था मिलाइएको हो । गाँठागुँठी, लिपोमा तथा सिस्टको शल्यक्रिया, हर्निया तथा हाइड्रोसिल, एपेन्डिसाइटिस तथा एपेन्डिक्सको शल्यक्रिया, पायल्स, फिसर तथा फिस्टुलालगायत रोगको उपचार तथा शल्यक्रिया गरिने भएको छ। घाउ तथा चोटपटकको उपचार तथा शल्यक्रिया, छाला तथा नरम तन्तुसम्बन्धी शल्यक्रिया र आकस्मिक तथा आवश्यक अन्य जनरल सर्जरी सेवा पनि उपलब्ध हुने अस्पतालले जनाएको छ।

डा. बास्तोलाले अस्पतालमा उपलब्ध स्रोत, साधन र जनशक्तिको अधिकतम उपयोग गर्दै विशेषज्ञ सेवा विस्तारलाई प्राथमिकता दिइएको बताउनुभयो।

# एन्फाका कोषाध्यक्ष र लेखाप्रमुख पक्राउ

**रासस**
काठमाडौं, ४ असोज

नेपाल प्रहरीले खेलमा मिलेमतो, अनियमितता र ठगी गरेको आरोपमा अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का दुई कर्मचारीलाई पक्राउ गरेको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)को टोलीले एन्फाका कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डेलाई आइतबार साँझ पक्राउ गरेको हो। ब्यूरोका प्रवक्ता अनुपमशम्शेर जबराले राष्ट्रिय खेलकुद परिषद् (राखेप) केन्द्रीय कार्यालय त्रिपुरेश्वरको पत्र तथा वसन्त रिजालको निवेदन/जाहेरीका आधारमा अनुसन्धानका लागि जोशी र पाण्डेलाई पक्राउ गरिएको जानकारी दिनुभयो। पक्राउ परेका दुवै जनालाई जिल्ला अदालत ललितपुरबाट चार दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता जबराले बताउनुभयो।

# प्रधानन्यायाधीश शर्मा चीन प्रस्थान

**रासस**
काठमाडौं, ४ असोज

प्रधानन्यायाधीश डा मनोजकुमार शर्मा 'चाइना फोरम अन इन्टरनेशनल लिगल कोअपरेशन, २०२६' मा सहभागी हुन आइतबारचीन प्रस्थान गर्नुभएको छ।

चीन कानुन समाजद्वारा आयोजित उक्त कार्यक्रममा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उहाँ चीनको ग्वान्झाउ प्रस्थान गर्नुभएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो । प्रधान्यायाधीश शर्मा नेतृत्वको भ्रमण दलमा धर्मपत्नी उमा शर्मा, मुख्यरजिष्ट्रार विमल पौडेल र उपरजिष्ट्रार राजेन्द्र पौडेल सहभागी हुनुहुन्छ। प्रधानन्यायाधीश शर्मा यही असोज ८ गते स्वदेश फर्किनुहुनेछ।

# आयआर्जनका लागि तालिमसँगै बङ्गुर वितरण

**पोखरापत्र संवाददाता**
दमौली, ४ भदौं

तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाले आयोजना प्रभावित परिवारका सदस्यलाई आयआर्जनमा जोड्न व्यावसायिकबङ्गुरपालनसम्बन्धी तालिमसँगै बङ्गुरको पाठो वितरण गरेको छ।

आयोजनाको जीविकोपार्जन पुनःस्थापना योजनाअन्तर्गत आयोजना प्रभावित परिवारको आयआर्जन क्षमता अभिवृद्धि गर्दै दिगो जीविकोपार्जनका अवसर सिर्जना गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो।

आयोजनाबाट प्रत्यक्ष प्रभावित व्यास नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका र ऋषिङ गाउँपालिकाका २३ जनालाई तालिम प्रदान गरी बङ्गुर सहयोग गरिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय तनहुँसँगको सहकार्यमा सञ्चालित तालिममा बङ्गुरको खोर व्यवस्थापन, नश्ल छनोट, आहार व्यवस्थापन, रोगको रोकथाम तथा उपचार, उत्पादन र बजारीकरणलगायत विषयमा प्रशिक्षण दिइएको थियो । तालिमपश्चात् प्रत्येक सहभागीलाई एउटा-एउटा बङ्गुरको पाठो वितरण गरिएको छ । तालिमबाट प्रापत ज्ञानलाई व्यवहारमा उतार्दै व्यावसायिक बङ्गुरपालन सुरु गर्न वा सञ्चालनमा रहेको व्यवसाय विस्तार गर्न सहज होस् भन्ने उद्देश्यले सहयोग गरिएको भण्डारीले बताउनुभयो।

उहाँले आयोजना प्रभावित परिवारलाई सीप र उत्पादनसँग जोडेर दीर्घकालीन रूपमा आयआर्जनको आधार तयार गर्ने उद्देश्यले विविध कार्यक्रम हुँदै आएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्रभावित परिवारलाई सहयोग मात्र दिनेभन्दा सीप सिकाएर आफैँ आयआर्जन गर्न सक्ने बनाउनु महत्वपूर्ण हो । तालिमसँगै बङ्गुर उपलब्ध गराउँदा सहभागीले सिकेको सीपलाई तत्काल व्यवहारमा प्रयोग गर्न सक्नेछन्।" आयोजना प्रभावित परिवारको जीविकोपार्जन पुनर्स्थापना तथा सामुदायिक विकासलाई प्राथमिकतामा राख्दै हालसम्म ३५ वटा कार्यक्रम सञ्चालन गरिएको आयोजनाले जनाएको छ। ती कार्यक्रमबाट आयोजना प्रभावित परिवारका ७०१ जना लाभान्वित भएका छन् । आयोजनाले सीप विकास, आयआर्जनका अवसर विस्तार, वित्तीय साक्षरता तथा उद्यमशीलता प्रवर्द्धनमार्फत प्रभावित परिवारको आर्थिक आत्मनिर्भरता बढाउने कार्यक्रम सञ्चालन गर्दै आएको छ।

# गेन्स कलेजमा नवआगन्तुक विद्यार्थीलाई अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज



नदीपुरस्थित गेन्स कलेजले स्नातक तहमा भर्ना भएका नवआगन्तुक विद्यार्थीका लागि फिस्टेल लज पोखरामा एकदिने अभिमुखीकरण तथा परामर्श कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा विद्यार्थीलाई कलेजको शैक्षिक वातावरण, अध्ययन प्रक्रिया, अतिरिक्त क्रियाकलाप, उपलब्ध अवसर तथा अध्ययनपछिका सम्भावनाबारे जानकारी दिइएको थियो । सुदूरपश्चिम विश्वविद्यालयसँग आबद्ध गेन्स कलेजमा हाल बीबीए, एमबीए र बीएस्सी- सी.एस.आई.टी. का कक्षा सञ्चालन हुँदै आएका छन्। उक्त कार्यक्रममा संस्थाका सल्लाहकार प्रा. डा. विकास केसीले नवआगन्तुक विद्यार्थीलाई स्वागत गरेका थिए। केसीले गेन्स कलेज रोजेकोमा विद्यार्थीलाई धन्यवाद दिँदै आगामी चार वर्ष विद्यार्थीको शैक्षिक तथा व्यक्तिगत प्रगतिका लागि कलेज परिवार निरन्तर क्रियाशील रहने बताए । कार्यक्रममा अर्का सल्लाहकार त्रिभुवन शर्माले विद्यार्थीलाई परिचयपत्र वितरण गरेका थिए । शर्माले विद्यार्थीको अध्ययन अब स्पष्ट करियर लक्ष्यसहित अघि बढ्नुपर्नेमा जोड दिँदै नेतृत्व क्षमता तथा व्यक्तित्व विकासका लागि कलेजले विधार्थी क्लबमार्फत सञ्चालन गर्दै आएका विभिन्न गतिविधिमा सक्रिय सहभागी हुन आग्रह गरे।

त्यसैगरी मेखराज पौडेलले बीबीए र बीएस्सी-सीएसआईटी कसरी अध्ययन गर्ने तथा अध्ययनपछि प्राप्त गर्न सकिने अवसरका विषयमा श्रव्यदृश्य प्रस्तुतिसहित जानकारी दिएका थिए । उनले नेपालमै बसेर गुणस्तरीय शिक्षा हासिल गरी स्वदेश तथा विदेशका कम्पनीमा अवसर प्राप्त गर्न सकिने बताए। "अब विद्यार्थीले विदेश जानैपर्छ भन्ने सोच राख्न आवश्यक छैन। नेपालमै बसेर राम्रोसँग अध्ययन, सीप विकास र मेहनत गर्ने हो भने विदेशी कम्पनीमा समेत काम गर्ने अवसर प्राप्त गर्न सकिन्छ," पौडेलले भने।

कलेजका प्राचार्य विजय आनन्द तिमिल्सिना शर्माले नवआगन्तुक विद्यार्थीलाई कलेजको वातावरणमा घुलमिल गराउन विभिन्न मनोरञ्जनात्मक तथा सहभागितामूलक गतिविधि सञ्चालन गरेका थिए। खेलकुद, प्रश्नोत्तरलगायतका गतिविधिमार्फत विद्यार्थीबीच आपसी परिचय र आत्मीयता बढाउने प्रयास गरिएको थियो।

कार्यक्रममा गेन्स कलेजले व्यवस्थापन तथा सूचना प्रविधिको क्षेत्रमा विभिन्न स्वदेशी तथा विदेशी संस्थासँग सहकार्यका लागि सम्झौता गरेको जानकारीसमेत दिइएको थियो। यस्ता सहकार्यले विद्यार्थीलाई अध्ययनसँगै उद्योग क्षेत्रको व्यावहारिक ज्ञान, इन्टर्नसिप तथा रोजगारीका अवसरसँग जोड्न सहयोग पुग्ने कलेजले जनाएको छ । कार्यक्रममा सल्लाहकार डा. कमलराज सापकोटाले फिस्टेल लजको इतिहास तथा पोखराको प्राकृतिक सुन्दरतासँग विद्यार्थीको सिकाइ र अनुभवलाई जोड्दै जीवनमा उल्लेखनीय कार्य गरेर विशिष्ट पहिचान बनाउन शुभकामना दिए। त्यस्तै, ज्ञान क्लबका सोनीका कडेल र बिबस श्रेष्ठले कलेजमा आफूले प्राप्त गरेको अनुभव विद्यार्थीमाझ प्रस्तुत गरेका थिए। नवआगन्तुक विद्यार्थी सदिक्षा अधिकारी र सुशील पौडेलले अभिमुखीकरण तथा परामर्श कार्यक्रम आफ्ना लागि उपयोगी र फलदायी भएको बताए। अधिकारी, " नयाँ विद्यार्थीलाई कलेजको शैक्षिक वातावरणसँग परिचित गराउनुका साथै आफ्नो अध्ययन, करियर र भविष्यका सम्भावनाबारे स्पष्ट दृष्टिकोण बनाउन आजको कार्यक्रमले सहयोग गरेको छ।"

समापन समारोहमा कलेजका अध्यक्ष डा. रामजी शर्माले विद्यार्थीको उच्च शिक्षाको यात्रा केवल डिग्री हासिल गर्ने विषयमा सीमित नभई ज्ञान, सीप, अनुशासन, नेतृत्व र व्यक्तित्व विकाससँग जोडिनुपर्ने बताए । उनले विद्यार्थीलाई कलेजले उपलब्ध गराउने शैक्षिक तथा अतिरिक्त अवसरको अधिकतम उपयोग गर्न आग्रह गरे। "विद्यार्थीले गेन्स बाट अध्ययन पूरा गरेर निस्कँदा प्रमाणपत्रसँगै व्यावहारिक ज्ञान, सीप, आत्मविश्वास र नेतृत्व क्षमता लिएर जान सकून् भन्ने हाम्रो उद्देश्य हो," अध्यक्ष शर्माले भने । कार्यक्रमको सञ्चालन नारायण न्यौपानेले गरेका थिए। उनले विद्यार्थीको चार वर्षे शैक्षिक यात्रालाई अर्थपूर्ण बनाउन कलेज, शिक्षक, अभिभावक र विद्यार्थीबीच निरन्तर सहकार्य आवश्यक रहेको उल्लेख गरे । न्यौपानेले गेन्स कलेजमा बीबीए र बीएस्सी-सी.एस.आई.टी. का कक्षा असोज ५ गते सोमबार देखि सञ्चालन हुने जानकारी दिए।

# संगम वचत तथा ऋण सहकारीको अध्यक्षमा थापा सर्वसम्मत निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज



पोखरा महानगरपालिका वडा नं १५ मा रहेको संगम बचत तथा ऋण सहकारी संस्था लि.को १९ औं साधारणसभा तथा निर्वाचन कार्यक्रम शनिबार सम्पन्न भयो।

निर्वाचनमा बुद्धिमान थापाको अध्यक्षतामा संचालक समिति सर्वसम्मत निर्वाचित भएको हो। संचालक समितिको उपाध्यक्षमा तोयनाथ भट्टराई, सचिवमा सुवास चन्द्र भण्डारी, कोषाध्यक्षमा विष्णुकुमारी थापा र सञ्चालक सदस्यमा तीलक थापा, शोभाकुमारी कुँवर, भुपेन्द्र गौचन, शान्तरन्त गुभाजु र तुलबहादुर गुरुङलाई सर्वसम्मत निर्वाचित गरेको छ।

त्यसै गरी लेखा सुपरिवेक्षण समितिको संयोजकमा रमेशबहादुर खड्का र सदस्यमा रुद्रबहादुर कुँवर र सरस्वती अधिकारी सर्वसम्मत चयन भएका छन् । उनिहरुलाई शनिबार नै निर्वाचन संयोजक दयाराम गौतमले पद तथा गोपनियताको सपथ ग्रहण गराएका थिए । कार्यक्रमका प्रमुख अतिथि नेपाल पर्यटन वोर्डका सदस्य सन्तोष पोख्रेलले कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशकै उत्कृष्ट भइ सकेको सहकारी अव राष्ट्रिय उत्कृष्ट सहकारी हुने गरी काम गर्न नयाँ संचालक समितिलाई शुभकामना दिदै शेयर सदस्यहरुले आफ्नो सम्पूर्ण आर्थिक क्रियाकलाप संगम सहकारी मै गर्न सुझाव दिएका थिए। सो अवसरमा संगम योग के.सी. स्मृति पुरस्कारबाट अंशु पौडेल र अपेक्षा पौडेलले जनही ५ हजार, सम्मान पत्र द्धारा सम्मानित भएका थिए भने संगम सिद्धान्त कुँवर स्मृति छात्रवृत्ति अमरसिंह माविमा अध्ययनरत सविना क्षेत्री र बसन थापाले जनही ७ हजार नगद र सम्मानपत्र द्धारा सम्मानित भएका थिए।

त्यसैगरी वरिष्ठ व्यवस्थापक वृहस्पति अधिकारीलाई उत्कृष्ठ कर्मचारी सम्मान, सचिव धनराज पुरीलाई उत्कृष्ट संचालक सदस्य सम्मान र सहकारी संस्थाका अविछिन्न रुपमा १० वर्ष कार्यरत कनिष्ट सहायक धनमाया दुरालाई नगद १० हजार र सम्मान पत्र र दोसल्ला ओडाएर दीर्घ सेवा पुरस्कार द्धारा सम्मानित गरिएको थियो । कार्यक्रममा संस्थापक अध्यक्ष निरज थापा, निर्वाचन संयोजक दयाराम गौतम र सदस्य विरेन्द्र वास्तोला, शेयर सदस्यहरु सिता तिमिल्सिना सुवेदी र नारायण प्रसाद पौडेल, सम्मानित व्यक्ति अपेक्षा पौडेल, संगम योग केसी स्मृति पुरस्कारकी संरक्षक डा. नम्रता के.सी. र संगम सिद्धान्त कुँवर स्मृति छात्रवृत्तिकोषका संरक्षक शोभाकुमारी कुँवरले वोलेका थिए।

सभामा सचिव धनराज पुरीले वार्षिक प्रतिवेदन, उपाध्यक्ष बुद्धिमान थापाले आर्थिक प्रतिवेदन, लेखा सुपरिवेक्षण समिति संयोजक भोविन्द्र गिरीले लेखा सुपरिवेक्षण प्रतिवेदन प्रस्तुत र पारित गरेका थिए । संस्थाको वार्षिक कार्यक्रमका झलक सहकारीका वरिष्ठ व्यवस्थापक वृहस्पति अधिकारीले प्रोजेक्टर मार्फत शेयरसदस्यहरुलाई जानकारी गराएका थिए।

संस्थाका अध्यक्ष नव राज तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष बुद्धिमान थापाले र संचालन सचिव धनराज पुरीले गरेका थिए।

# रसुवा बाढीपछि मुस्ताङमा पर्यटक आगमन घट्यो

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ४ असोज



गत भदौ १० गतेको रसुवाको भोटेकोशीमा गएको विकासकारी विपद् घटनापछि हिमाली जिल्ला मुस्ताङको पर्यटनमा समेत असर परेको छ। जिल्ला प्रहरी कार्यालय मुस्ताङको पर्यटकीय तथ्याङ्कअनुसार चालु वर्षको साउनको तुलनामा भदौमा मुस्ताङमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन सङ्ख्या घटेको पाइएको हो।

कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडकमार्ग बाढी पहिरो र नदी कटानले साउन महिनामा दर्जनौँ पटक सडक अवरुद्ध हुँदासमेत मुस्ताङमा पर्यटकको आगमन उल्लेख रहे पनि रसुवा बाढीपछि मुस्ताङमा पर्यटक आगमन सङ्ख्या ह्वात्तै घटेको प्रहरीको तथ्याङ्कले देखाएको छ। प्रहरीका अनुसार चालु वर्षको साउनमा भन्दा भदौ महिनामा २९ हजार २७४ पर्यटक घटेको देखाउँछ। यो अघिल्लो महिनाको भन्दा भदौमा ४७.७८ प्रतिशत पर्यटक कम हो। जिल्ला प्रहरी कार्यालय मुस्ताङअन्तर्गत म्याग्दी र मुस्ताङको सिमान प्रहरी चौकी घाँसाको पर्यटक आगमनको विवरणअनुसार चालु वर्षको साउनमा आन्तरिक ३० हजार ६५५ जना, सार्क ३१ हजार ५७५ र अन्य राष्ट्रका १९३ जना गरी ६१ हजार २६३ जना पर्यटक मुस्ताङ भित्रिएका थिए।

त्यसैगरी, चालु वर्षको भदौमा आन्तरिक १६ हजार ५०३, सार्क १५ हजार १३८ र अन्य राष्ट्रका ३४८ गरी ३१ हजार ९८९ जना पर्यटक मुस्ताङ आएका थिए। जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार साउनको तुलनामा रसुवा बाढीपछि भदौमा आन्तरिक १४ हजार १५२ (४६.१६) प्रतिशत र सार्क पर्यटकतर्फ १६ हजार ४३७ (५२.०५) प्रतिशत पर्यटक आगमनमा ह्रास आएको हो।

तर, आन्तरिक र सार्क राष्ट्रको पर्यटक सङ्ख्या घट्दो रहेपछि अन्य राष्ट्रको पर्यटक भने अघिल्लो महिनाको तुलनामा बढेको पाइएको छ। अघिल्लो साउनमा १९३ जना अन्य मुलुकका पर्यटक मुस्ताङ आएकामा भदौमा भने थप १५५ जना वृद्धि हुँदै ३४८ जना अन्य राष्ट्रका विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका प्रहरी निरीक्षक बस्यालले उल्लेख गर्नुभयो।

मुस्ताङमा चालु वर्षको साउन र भदौमा गरी ९३ हजार २५२ आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ। प्रहरी निरीक्षक बस्यालका अनुसार साउन र भदौमा आन्तरिक ४७ हजार १५८, सार्क ४६ हजार ७१३ र अन्य राष्ट्रका ४४१ पर्यटकले मुस्ताङ भ्रमण गरेका छन्।

प्रहरी निरीक्षक बस्यालले भदौ १० गतेको रसुवा बाढी घटनाका कारण सबै नेपाली जनता शोकमा परेका कारण मुस्ताङमा पर्यटक कम भित्रिएको हुनसक्ने उल्लेख गर्नुभयो। गत आव २०८२/८३ को साउनमा १९ हजार ७८१ र भदौमा २३ हजार २०५ पर्यटकले मुस्ताङ भ्रमण गरेका थिए। गत वर्षको साउन र भदौको तुलनामा चालु वर्षको साउन र भदौमा पर्यटकका सङ्ख्या वृद्धि भएको भए पनि चालु वर्षको साउनको तुलनामा भदौमा पर्यटक आगमन घटेको तथ्याङ्क छ।



सुनसान फेवातालः पर्यटन राजधानी पोखराको मुख्य गन्तव्य फेवातालको बाराहीघाटमा पर्यटक कुरेर बसेका डुङ्गा चालक। पर्यटक आगमन कम हुँदा यति बेला फेवाताल सुनसान छ। तस्बिर : कृष्ण दवाडी /रासस

# कास्की आइडल–२ को पहिलो एलिमिनेसन राउन्ड सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज




प्रतिभाको खोजी र अवसरको यात्रामा अघि बढिरहेको 'कास्की आइडल सिजन-२' को पहिलो एलिमिनेसन राउन्ड सम्पन्न भएको छ। गायन र नृत्यतर्फबाट समान २२-२२ जना गरी ४४ जना प्रतियोगी अर्को चरणका लागि छनोट भएका छन्।

साँझ क्रियसन्स प्रालिको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगिताकोएलिमिनेसनराउन्डमा प्रतियोगीहरूले आफ्नो गायन तथा नृत्य प्रस्तुत गरेका थिए। छनोट भएका प्रतियोगी अब आगामी चरणमा प्रवेश गर्नेछन्। आयोजकले सार्वजनिक गरेको विवरणअनुसार अर्को राउन्ड असोज १० गते हुनेछ।

कार्यक्रमको सभाध्यक्ष कास्की आइडल सिजन-२ का संयोजक तथा रूपा वाङ्मय प्रतिष्ठानका अध्यक्ष आदर्श पोखरेल रहेका थिए। प्रमुख अतिथिका रूपमा पृथ्वीनारायण क्याम्पसको नेपाली शिक्षा विभागका पूर्वप्रमुख तथा नेपाली गीतमा विद्यावारिधि गरेका प्राध्यापक डा. बाबुराम अधिकारीको उपस्थिति थियो। कार्यक्रममा माध्यमिक विद्यालय शिक्षा युनियन (हिस्टुन) का महासचिव शंकर तिवारी, सन्जीव फिल्म्सका निर्देशक सन्जीव घिमिरे, शिक्षक युनियन कास्कीका पूर्वअध्यक्ष तथा पूर्वप्रधानाध्यापक जगन्नाथ अधिकारी, सिद्ध माध्यमिक विद्यालय फालेपाटनका प्रधानाध्यापक गुरुदत्त कोइराला, न्यू एरा एकेडेमीका प्रिन्सिपल तथा संस्थापक वेदप्रसाद बास्ताकोटी, कालिका माध्यमिक विद्यालय रामबजारका प्लस टु संयोजक वासुदेव अधिकारी, शिवालय माध्यमिक विद्यालयका प्रधानाध्यापक बुद्धिराम विश्वकर्मा, पूर्वप्रधानाध्यापक भोलानाथ पौडेल, युनिभर्स बी.एस.का शिक्षक दिलबहादुर पकवाल, रामेश्वरी माध्यमिक विद्यालयका शिक्षक प्रकाश पन्त, शिक्षकहरू चुमानसिंह गुरुङ, विश्व सुवेदी, वेदहरि सुवेदी, तीर्थराज लामिछाने, महादेव सुवेदी, शिक्षिका हरिकला भुर्तेल र अनिता पौडेललगायतको उपस्थिति थियो।

त्यस्तै लेखनाथ निर्माण व्यवसायी संघका अध्यक्ष तथा पदाधिकारीहरू, अभिभावक, प्रतियोगी, सञ्चारकर्मी समेत कार्यक्रममा सहभागिता थिए। प्रतियोगिताको गायनतर्फ संगीत प्रशिक्षक खेम लामा, तथा राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान लमजुङका अध्यक्ष तथा गायक प्रशान्त तामाङ, र निर्णायक रहेका थिए। नृत्यतर्फ उपेन्द्र गुरुङ र कविता पौडेलले निर्णायकको भूमिका निर्वाह गरेका थिए।बास्तोला र साँझ क्रियसन्सका अध्यक्ष झलककुमार गुरुङले गरेका थिए।

# विकास–निर्माणका कामलाई तीव्र गतिमा कार्यान्वयन गर्दै व्यास नगरपालिका

**पोखरापत्र संवाददाता**
दमौली, ४ असोज

व्यास नगरपालिकाले गत आर्थिक वर्षमा सडक, ढल, नदी नियन्त्रण, सिँचाइ, शिक्षा तथा सार्वजनिक पूर्वाधार निर्माणमा प्रगति गरेको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालका अनुसार गत आर्थिक वर्षमा नगर क्षेत्रमा ६ दशमलव ४६ किलोमिटर नयाँ सडक 'ट्र्याक' खोलिएको छ। नगरपालिकाले सो अवधिमा ३ दशमलव ३९ किलोमिटर सडक कालोपत्र तथा ढलान गरेको छ भने ६ दशमलव ८८ किलोमिटर सडक ग्राभेल गरेको छ। सडक पूर्वाधारसँगै नगरपालिकाले सहरी व्यवस्थापन र सार्वजनिक संरचना निर्माणलाई प्राथमिकता दिएको प्रमुख प्रशासकीय अधिकृत लम्सालले बताउनुभयो।

आर्थिक वर्ष २०८२/८३ मा नगर क्षेत्रमा ११ दशमलव ३६ किलोमिटर ढल निर्माण गरिएको छ। साथै कृषि उत्पादनमा नौ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार गरिएको छ।

नगरपालिकाले सार्वजनिक तथा सामुदायिक पूर्वाधार निर्माणतर्फ पनि काम अघि बढाएको छ। गत आर्थिक वर्षमा तीन वटा पार्क निर्माण गरिएको छ भने १५ वटा नयाँ विद्यालय भवन निर्माण भएका छन्। स्थानीयस्तरमा सामाजिक तथा सामुदायिक गतिविधिका लागि आवश्यक छ वटा सामुदायिक भवन निर्माण भएका छन्। व्यास नगरपालिकामा हालसम्म सडक पूर्वाधारको विकासमा उल्लेख्य विस्तार भएको छ। हालसम्म एक सय ५८ दशमलव ६९ किलोमिटर सडक कालोपत्र तथा ढलान भइसकेको छ भने ३५ दशमलव ०९ किलोमिटर सडक ग्राभेल गरिएको छ।

नगरका विभिन्न बस्ती तथा ग्रामीण क्षेत्रलाई सडक सञ्जालसँग जोड्ने क्रममा हालसम्म ७२५ दशमलव ६७ किलोमिटर नयाँ सडक 'ट्र्याक' खोलिएको छ। हालसम्म व्यास नगरपालिकाभित्र २२ वटा मोटरेबल पुल र १५ वटा झोलुङ्गे पुल निर्माण भएका छन्।

त्यसैगरी, हालसम्म नगर क्षेत्रमा ११८ दशमलव ९५ किलोमिटर ढल निर्माण भइसकेको प्रमुख प्रशासकीय अधिकृत लम्सालले बताउनुभयो। बाढी तथा नदी कटानबाट बस्ती र खेतीयोग्य जमिन जोगाउन हालसम्म पाँच दशमलव १७ किलोमिटर नदी नियन्त्रणको काम सम्पन्न भएको छ। कृषि क्षेत्रमा सिँचाइ सुविधा विस्तारका लागि पनि नगरपालिकाले लगानी गर्दै आएको छ। हालसम्म २४ दशमलव ०७ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार गरिएको नगरपालिकाले जनाएको छ। गत आर्थिक वर्षमा मात्रै थप नौ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको हो। व्यास नगरपालिकाले खुला तथा मनोरञ्जनात्मक क्षेत्र विकासलाई समेत आफ्नो पूर्वाधार योजनामा समेटेको छ। हालसम्म नगर क्षेत्रमा १९ वटा पार्क निर्माण भएका छन्।

# विशेषज्ञ सेवासहित चार विभाग नियमित सञ्चालन

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ असोज

बागलुङस्थित धौलागिरि प्रादेशिक अस्पतालमा चिकित्सक अभावमा रोकिएका चार विशेषज्ञ विभाग एक महिनादेखि नियमित सञ्चालनमा आएका छन्। पछिल्लो एक वर्षदेखि रोकिएका विभागमा विशेषज्ञसहितको सेवाले निरन्तरता पाएको हो।

धौलागिरि अस्पताल व्यवस्थापन समितिका अध्यक्ष श्रीप्रसाद शर्माका अनुसार अस्पतालमा मनोरोग, नाक, कान तथा घाँटीसम्बन्धी, यौन तथा छाला रोग र प्याथोलोजी विभागले एक महिनादेखि नियमित सेवा सञ्चालन गरेका छन्। मनोरोग विभाग चिकित्सक अभावमा एक वर्षदेखि सञ्चालनमा आउन नसकेको बताउँदै उहाँले १० महिनादेखि यौन तथा छाला रोग विभाग प्रभावित बनेको जानकारी दिनुभयो। पाँच महिनादेखि प्रभावित बनेको नाक, कान तथा घाँटी रोग विभाग र प्याथोलोजी विभाग पुनः सञ्चालनमा ल्याइएको अध्यक्ष शर्माले उल्लेख गर्नुभयो। "अस्पतालले विभागको सेवा अन्य चिकित्सकबाट दिँदै आएको थियो। विशेषज्ञ सेवा दिन सोही विभागको चिकित्सक आवश्यक पर्ने भएकाले चिकित्सक आपूर्ति गरी विभागलाई सक्रिय बनाएका छौँ", उहाँले भन्नुभयो, "मनोपरामर्शदाताको अभावमा बिरामी पोखरा, काठमाडौँलगायत क्षेत्र जानुपर्ने बाध्यता अब भने अन्त्य भएको छ।" धौलागिरि प्रादेशिक अस्पताल बागलुङले विशेषज्ञ स्वास्थ्य सेवाको दायरा विस्तार गर्दै थप चार क्षेत्रमा विशेषज्ञ सेवा उपलब्ध गराउन सुरु गरेको छ। अस्पतालले नाक, कान तथा घाँटी रोग, छाला रोग, मनोरोग र प्याथोलोजीसम्बन्धी विशेषज्ञ सेवा सञ्चालनमा ल्याएको हो। धौलागिरि अस्पताल बागलुङका अनुसार नाक, कान तथा घाँटी रोगतर्फ डा मनिष न्यौपाने, छाला रोगतर्फ डा सुभि रिजाल, मनोरोगतर्फ डा इला थापा र प्याथोलोजीतर्फ डा कविता घिमिरेबाट सेवा प्रदान भइरहेको छ। नाक, कान तथा घाँटी रोगतर्फ कान, नाक र घाँटीका समस्या, श्रवण तथा साइनोसाइटिस (साइनस) र घाँटीसम्बन्धी समस्या, इन्डोस्कोपी र शल्यक्रियासम्बन्धी सेवा उपलब्ध हुनेछ भने छाला रोगतर्फ छाला, कपाल र नङसम्बन्धी समस्या, एलर्जी तथा सङ्क्रमण, पिम्पल्स, दाग तथा छालाको सुन्दरतासम्बन्धी समस्या र लेजर तथा केमोथेरापी सेवा उपलब्ध हुनेछ।

मनोरोगतर्फ चिन्ता, तनाव तथा डिप्रेसन, मानसिक स्वास्थ्य परामर्श, निद्राको समस्या, बाल तथा वृद्ध मानसिक स्वास्थ्य र लत तथा व्यवहारसम्बन्धी उपचार तथा परामर्श सेवा दिइनेछ। प्याथोलोजीतर्फ रगत, पिसाब तथा दिसाको जाँच, हर्मोन तथा बायोकेमिस्ट्री, हिस्टोप्याथोलोजीरमाइक्रोबायोलोजी परीक्षणलगायत सेवा उपलब्ध हुने धौलागिरि अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा किरण तिवारीले जानकारी दिनुभयो। अस्पतालमा अहिले १८ जना विशेषज्ञ तथा १३ जना मेडिकल अधिकृत कार्यरत छन्।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



प्रस्तुत विषयमा साविक बाँझाखेत गा.वि.स. वडा नं. ०५ हाल बेसीशहर नगरपालिका वडा नं. १० निवासी भारतीय भू.पू. सैनिक नं. १८४९४ का धन वहादुर गुरुङको पत्नी सेती माया तमाङ भन्ने सेती माया गुरुङसेनीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ६०१ ) मा नामथर सेती माया तमाङ भन्ने सेती माया गुरुङसेनी उल्लेख भएको र भारतीय पेन्सन अभिलेखमा निजको नामथर सेती माया गुरुङसेनी उल्लेख भई नामथर फरक परेता पनि उल्लेखित फरक-फरक नामथर गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेसीशहर नगरपालिका १० नं. वडा कार्यालयको च.नं. २२४, मिति २०८३/०५/०८ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी


# पर्वतीय दौडको हस्पिटल पार्टनर बन्यो मेडिप्लस एण्ड ट्रमा सेन्टर

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

पोखराको रानीपौवास्थित मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टरले तेस्रो संस्करणको पुम्दी-भुम्दी खुल्ला पर्वतीय दौड प्रतियोगिता-२०८३ मा हस्पिटल पार्टनरका रूपमा सहकार्य गर्ने भएको छ। यही असोज २४ गते शनिबार पोखरा-२२ मा आयोजना हुने प्रतियोगितालाई सफल बनाउन अस्पतालले निःशुल्क एम्बुलेन्स सेवा सहित आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने भएको हो।

यससम्बन्धी सम्झौतापत्रमा मेडिप्लस हस्पिटलका प्रमुख सञ्चालन अधिकृत प्रकाश वि.क. र प्रतियोगिता संयोजक दीननाथ बरालले हस्ताक्षर गरेका छन्। सम्झौताअनुसार प्रतियोगिता अवधिभर आकस्मिक तथा प्राथमिक स्वास्थ्य उपचारका लागि अस्पतालले आवश्यक जनशक्ति र एम्बुलेन्स सेवा उपलब्ध गराउनेछ। कुनै घटना भई परेको खण्डमा अस्पतालमा प्राथमिकताका साथ उपचार गराइने भएको छ। आयोजकले मेडिप्लस हस्पिटललाई प्रतियोगिताको आधिकारिक 'हस्पिटल पार्टनर'का रूपमा समावेश गर्ने सहमति भएको हो। स्वास्थ्य सेवामा विगत सात वर्षदेखि सक्रिय मेडिप्लस हस्पिटलमा जनरल मेडिसिन, हाडजोर्नी, स्त्रीरोग, नाक-कान-घाँटी, मानसिक रोग, बालरोग, मुटुरोग तथा क्यान्सर उपचार, सामान्य शल्यक्रिया, छालारोग, नसारोग, फिजियोथेरापी लगायतका सेवा विशेषज्ञ चिकित्सकमार्फत उपलब्ध हुँदै आएको प्रमुख सञ्चालन अधिकृत वि.क.ले बताए। केही समय पश्चात डायलासिस सेवा समेत संचालनमा ल्याउन लागिएको बि.क.ले जनाए।

अस्पतालमा सामाजिक सुरक्षा कोषअन्तर्गतका सेवा तथा भारतीय भूतपूर्व सैनिकहरूको योगदानमा आधारित ईसीएचएस उपचार सेवासमेत सञ्चालनमा रहेको उनले जानकारी दिए। भोटेकोशी बाढीबाट प्रभावित ५ जनाको शव घरसम्म पुर्याउन अस्पतालले सहयोग गरेको थियो। पोखरा प्रवर्धन केन्द्र र पोखरा क्लिक प्रालिको संयुक्त आयोजनामा हुने प्रतियोगिता पोखरा-२२ स्थित विश्वशान्ति स्तुपबाट सुरु भई विशाल महादेवको मूर्ति (पुम्दीकोट), पोखरा-२२ वडा कार्यालय हुँदै कालाबाङ घेरडी बुद्धपार्कमा पुगेर सम्पन्न हुनेछ। प्रतियोगिताको दूरी करिब ८ किलोमिटर रहेको आयोजकले जनाएको छ। पुम्दी-भुम्दी क्षेत्रको खेल तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा खुला, महिला, यू-१६, विदेशी पर्यटक, भेट्रान्स तथा वडास्तरीय गरी ६ विधामा धावकहरूले प्रतिस्पर्धा गर्नेछन्। प्रत्येक विधाका विजेतालाई नगद पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ। प्रतियोगिताका लागि खेलाडीको नाम दर्ता खुला गरिएको प्रतियोगिता आयोजक संस्था पोखरा प्रवर्धन केन्द्रका सचिव सागर सुनारले जानकारी दिए। उनले प्रतियोगितामा सहभागी हुन इच्छुक खेलाडीलाई समयमै नाम दर्ता गराउन आग्रह गरेका छन्। प्रतियोगिताको इन्स्योरेन्स पार्टनरमा युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड रहेको छ भने म्याजेस्टिक लेक फ्रन्ट होटल एण्ड सुइट्स हस्पिटालिटी पार्टनर र नेलम्बो नेपाल मेडिकल पार्टनरका रूपमा जोडिएका छन्।